# रारा खत्याड जलाधारका लागि भावी कार्यदिशा

मध्य कर्णाली जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत विभिन्न सरोकारवाला तथा स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले मध्य कर्णाली जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागी समाधानउन्मुख र सुधारउन्मुख  उपायहरू प्रदान गर्ने छ।

| समस्या | कार्य/सुझाव |
|---|---|
| अनुपयुक्त ढंगले निर्माण गरिएका ग्रामिण सडक | • वातावरणमैत्री स्थानीय शासन ढाँचाका बारेमा स्थानीय सरकार र ठेकेदारको क्षमता र चेतना अभिवृद्धि गर्ने,<br>• राष्ट्रिय निकुञ्जभित्रका क्षेत्रहरुको रक्षा गर्न सडक निर्माणका विद्यमान निर्देशिकालाई कडाइका साथ लागू गर्ने, र<br>• वातावरणमैत्री सडक निर्माणका लागि पैरवी गर्नका लागि चिन्तन्शील नागरिकको समुह गठन गर्ने। |
| माछाको घट्दो सङ्ख्या | • खत्याड खोलासँगैको जलाधार क्षेत्रमा मत्स्य प्रजनन् केन्द्र स्थापना गर्ने,<br>• रारा तालमा मनोरञ्जनका लागि माछा मार्ने अभ्यासलाई निरुत्साहन गर्ने,<br>• आवश्यकताअनुसार रारा तालमा माछाका परिमाणलाई पुनर्भरण गर्न रारा तालमा आउने तथा तालबाट बाहिरिने खोलामा माछा संरक्षण क्षेत्र स्थापना गर्ने,<br>• जैविक रूपमा महत्वपूर्ण रहेका माछाका रैथाने प्रजाति सहित रारा ताल क्षेत्रको मौलिक वनजङ्गलको फाइदा उठाउन रारा ताल वरिपरि पर्यापर्यटनलाई प्रवर्द्धन गर्ने। |
| पानीको सुक्दो मुहान, घट्दो हिमपात | • फोहोरा र थोपा सिंचाई जस्ता पानीको उपयोगिताको प्रचुरतालाई अधिकतम् रूपमा प्रयोग गर्ने जल प्रविधिको बहुउपयोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• प्राकृतिक खोला–खोल्सालाई पुनर्भरण गर्ने गरी वर्षाको पानीलाई धेरैभन्दा धेरै जमीनमुनि अढ्याएर राख्न समुदायमा भएका पानी उम्रने स्थानको वरिपरि तथा बाँझो जग्गामा रुख बिरुवा तथा झाडीहरु रोप्ने,<br>• प्राकृतिक खोला–खोल्सा तथा पानी उम्रने स्थानको नक्साङ्कन गर्ने र यस्ता स्थानहरुको व्यवस्थापनसँग सम्बन्धित गतिविधिहरुको शुरुवात गर्ने, र<br>• जलाधार क्षेत्रमा हिउँ तथा वर्षाको पानीलाई संकलन गर्ने पोखरीको निर्माणमा सहजीकरण गर्ने। |
| ठोस फोहोरमैलाको व्यवस्थापन | • कुहिने र नकुहिने फोहोरका वर्गीकरणको आवश्यकता सहित ठोस फोहोरमैला व्यवस्थापनको बारेमा जनचेतना अभिवृद्धि गर्नका लागि समुदायलाई तालिम प्रदान गर्ने,<br>• रारा ताल वरिपरिका लोकप्रिय पदमार्गमा फोहार फ्याँक्ने भाडो राख्ने र यसरी संकलन हुने फोहोरको विसर्जनका लागि स्थानीय समुदायहरुसँग समन्वय गर्ने,<br>• रारा राष्ट्रिय निकुञ्जको प्रवेश र प्रस्थान विन्दुमा फोहोरमैला लेखा प्रणालीको शुरुवात गर्ने। |
| मानव तथा वन्यजन्तुबीचको द्वन्द्व | • स्थानीय प्राकृतिक स्रोतको लाभको बाँडफाँडका लागि थप लचिलो नीतिहरु लागू गर्न राष्ट्रिय<br>• निकुञ्ज र मध्यवर्ती क्षेत्रका समुदायबीचको संवादलाई सुधार गर्ने,<br>• वन्यजन्तुबाट पीडित परिवार तथा वन्यजन्तुको अतिक्रमणले असर पारेको खेतीबारीको क्षतिपूर्ति प्रणालीलाई सरलीकरण गर्ने, र<br>• यस अभिप्रायका लागि राष्ट्रिय निकुञ्जमा छुट्याइएको रकमलाई परिचालन गर्दै मध्यवर्ती क्षेत्रका समुदायलाई सहयोग गर्ने। |
| वन्यजन्तुको चोरी शिकारी, अत्याधिक चरिचरण र गैर-काष्ठ वन पैदावारको गैर-कानूनी संकलन | • गैर–कानूनी रूपमा माछा मार्ने अभ्यास र वन्यजन्तु तथा गैर–काष्ठ वन पैदावारको चोरी निकासीलाई अनुगमन गर्नका लागि समुदायमा आधारित चोरी शिकारी प्रतिरोधि समूहको गठन गर्ने,<br>• समुदायमा आधारित चोरी शिकारी विरुद्धको समूहका लागि सन्दर्भ निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने, र<br>• पर्यापर्यटनसँग सम्बन्धित हुने गरी स्थानीय समुदायका लागि जीविकोपार्जनको वैकल्पिक व्यवस्थाहरुको प्रवर्द्धन गर्ने। |



USAID FROM THE AMERICAN PEOPLE

युएस्एड पानी परियोजना

# रारा खत्याड जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

**सामुदायिक परिकल्पना:**

लाभको समावेशी तथा समतामुलक बाँडफाँड सहितको उन्नत पर्यापर्यटन क्षेत्रको आधारशीलाको रूपमा तालतलैयाको उपयुक्त व्यवस्थापन सहित समृद्ध जैविक विविधतायुक्त रारा खत्याड जलाधार ।







# रारा खत्याड जलाधार

रारा खत्याड जलाधार कर्णाली नदीको बेसिनमा पर्दछ र नेपालको पश्चिममा रहेको मुगु जिल्लाका केही हिस्सामा फैलिएको छ। यहाँ दुईवटा लोकप्रिय पर्यटकीय गन्तव्य र जैविक विविधताका लागि महत्वपूर्ण क्षेत्रका रुपमा रारा ताल तथा रारा राष्ट्रिय निकुञ्ज रहेका छन।

प्रमुख जलनिकासको रुपमा खत्याड खोलाको उद्गम स्थल रारा ताल हो र यस खोलामा हिउँले वर्षा र हिउँ दुबैले सिञ्चित सहायक खोलाहरु पनि मिसिन्छन्। नदीमा बग्ने पानीमा धेरै घरधुरीहरु सिंचाई र अन्य दैनिक पानीसँग सम्बन्धित आवश्यकताका लागि आश्रित छन्।  हालैका वर्षहरुमा नदीको पानीको बहावलाई वन विनाश, सडक निर्माण, जलवायु परिवर्तन, सघन कृषि र भिरालो जमीनमा गरिने खेतीले नकारात्मक असर पुऱ्याएको छ। यी प्रत्येक अवस्थाले जलाधार क्षेत्रमा पहिरोको सम्भावना तथा घटनालाई बढाएको छ जसलाई अतिवृष्टि र लामो समयसम्म पानी नपर्ने प्रभावले झनै असर पुऱ्याउँछ जसको प्रत्यक्ष असर समुदाय र जलीय वासस्थानमा पर्दछ।

रारा तालको वरिपरि रहेका समुदायलाई यस तालले प्रदान गर्ने स्रोत र पर्यावरणीय सेवाका लागि मात्रै नभई यस तालको जैविक विविधता तथा मनोरञ्जनात्मक सम्भावनाका लागि पनि यस जलाधारका लागि रारा तालको विशेष महत्व रहेको छ। यस ताल र यसका सहायक खोलाहरुले तीन पृथक तथा रैथाने माछाका प्रजातिसहित अन्य विभिन्न प्रजातिका माछाहरु संग्रहित गरेको छ, र यी स्थानीय पोषक आहारको रुपमा र माछा मारेर मनोरञ्जन लिने समूहका लागि महत्वपूर्ण रहेको छ–यद्यपि हाल तालमा माछा मार्न प्रतिबन्ध लगाइएको छ र खोलाहरुमा मात्रै मार्न पाइन्छ।


## संख्यामा रारा खत्याड

| | |
|---|---|
| नदी क्षेत्र | रारा खत्याड |
| प्रदेश | प्रदेश ६ |
| कूल जलाधार क्षेत्र | ३०८ वर्ग किलोमिटर |
| भौगोलिक क्षेत्र | उच्च हिमाल (१०० प्रतिशत) |
| मुख्य नदीहरू | खत्याड, मिस्सीचौर, कावा, ठाडो, बिहानी, नखर्जी, काहका र नाउली, बुइचना, दुधे र ल्याचुडी |
| ताल तथा सिमसार क्षेत्र | रारा ताल, बगड जिउला, खेम, छोटे, गम्था, निलासेन दह, मणि दह, मौली दह, रिग दह |
| भू–उपायेग | वन ४९.२ प्रतिशत, चरण क्षेत्र २५ प्रतिशत, कृषियोग्य जमीन २०.३ प्रतिशत, बाँझो जमीन (३ प्रतिशत), जल क्षेत्र २.५ प्रतिशत, |
| कूल जलनिकास लम्बाइ | ९६३ किलोमिटर |
| गाउँ/नगरपालिकाहरू | सोरु गाउँपालिका, खत्याड गाउँपालिका, र छायाँनाथ रारा नगरपालिका |
| जनसंख्या | १६,९१९ (४९.५ प्रतिशत पुरुष, ५०.५ प्रतिशत महिला) |
| जातीय समूहहरू | बाहुन ९.६ प्रतिशत, क्षत्री ६६.२ प्रतिशत, जनजाती ८.८ प्रतिशत र दलित १५.२ प्रतिशत। |

# रारा खत्याड जलाधारको स्थलगत नक्सा

River Basin: Karnali


Watershed Code: 999







# रारा खत्याड क्षेत्रका वातावरणीय सवालहरू

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्सामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




# रारा खत्याड जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरू

यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थान विशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।






# रारा खत्याड जलाधारको स्वास्थ्य सूचकहरुको – सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले रारा खत्याड जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

## जलाधारको स्वास्थ्य अवस्थाहरु

| सूचक | राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|
| सुशासन एवं समानता | लाभको बाँडफांडमा समतामूलक पहुँच; स्थानीय निकायहरुबीच समन्वय; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता | लाभ बाँडफांडका मुद्दाहरुमा समन्वय; नीतिगत प्रावधानको पालना | निती नियममा कृयाशीलता; महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | | जलविद्युत; सिंचाई; गिट्टी बालुवा उत्खानन | |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | | | असल अभ्यास अनुशरण; जलवायु जोखिम गम्भीरता; जलवायुमैत्री अभ्यासहरूको अवलम्बन |
| जैविक विविधता र वासस्थान | मिचाहा प्रजाती; प्रजाति विविधता | भू उपयोग; घरेलु सरसफाइ; माछा मार्ने अभ्यास; माछाको परिमाण | फोहोर व्यवस्थापन |
| पानी | पानीको उपलब्धता | पानीको गुणस्तर | पानीमा पहुँच |
| दिगो कृषिक्षेत्र | | कृषि उत्पादकत्व; माटो व्यवस्थापन | जलवायु तथा भौगोलिकता |